माननीय प्रदेश प्रमुख तिलक परियारले
कर्णाली प्रदेश सभामा प्रस्तुत गर्नु भएको

कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८०/०८१ को

# नीति तथा कार्यक्रम

कर्णाली प्रदेश सरकार
२०८० जेठ

**प्रदेश सभाका माननीय सभामुख,**
**प्रदेश सभाका माननीय सदस्यहरू,**

१. कर्णाली प्रदेशका नागरिकको गरिमामय प्रतिनिधि संस्था प्रदेश सभामा कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु। यस अवसरमा नेपालको स्वाधीनता र आमूल परिवर्तनका लागि भएको जनआन्दोलन, जनयुद्ध र कर्णाली प्रदेश प्राप्तिका लागि भएको आन्दोलनमा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण महान सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। बेपत्ता योद्धाहरूप्रति विशेष स्मरण गर्दै घाइते तथा अपाङ्गता भएका योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

२. कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले अङ्गीकार गरेको **"समृद्ध कर्णाली, सुखारी कर्णालीवासी"** को दीर्घकालीन सोच अनुरुप आर्थिक सम्पन्नता, सामाजिक न्याय, गरिबी निवारण, उत्पादन वृद्धि, रोजगारी सृजना र उद्यमशीलता विकासका लागि प्रस्तुत नीति तथा कार्यक्रम परिलक्षित रहेको छ।

३. विगत वर्षका सफल नीति तथा कार्यक्रमलाई निरन्तरता दिँदै **"शिक्षा, स्वास्थ्य र रोजगारः त्यसका लागि सुशासन र पूर्वाधार"** भन्ने मूल नाराका साथ यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ।

**माननीय सदस्यहरू,**

४. कर्णाली प्रदेशको मुख्य समस्या गरिबीको अन्त्यका लागि **वार्षिक न्यूनतम १० हजार** रोजगारी सिर्जना गर्न **कर्णाली समृद्धि अभियान**का लागि परियोजना सञ्चालन गरिनेछ। यस अभियान अन्तर्गत बेरोजगार युवाहरूलाई नवप्रवर्तनमा आधारित उत्पादनमूलक उद्योग तथा व्यवसाय सञ्चालनको लागि रोजगारी तथा स्वरोजगारी प्रवर्द्धन गर्न सीप नक्साङ्कन गरी आवश्यक ज्ञान, सीप, तालिम, प्रविधि र वित्तीय पहुँचको व्यवस्था मिलाई स्वरोजगार बनाइनेछ।

५. विगतदेखि कार्यान्वयनमा रहेका मुख्यमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री दलित आयआर्जन प्रवर्द्धन कार्यक्रम, मुख्यमन्त्री जीविकोपार्जन कार्यक्रम र मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रमलाई आवश्यक परिमार्जन सहित निरन्तरता दिइनेछ।

६. परम्परागत कृषि प्रणालीलाई निरुत्साहित गर्दै प्रविधियुक्त, व्यावसायिक, प्रतिस्पर्धात्मक, उच्च मूल्ययुक्त, जलवायु अनुकूलन र उत्थानशील बनाई अर्गानिक प्रदेशको रुपमा विकास गरिनेछ। **"प्राङ्गारिक कृषिमा वृद्धि, कर्णालीको समृद्धि"** को सोच अनुसार प्रदेशको अर्गानिक कृषि अभियानलाई सफल पार्न स्थानीय तहको सहलगानीमा प्राङ्गारिक मल उत्पादन कारखाना स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ।

७. **"उत्पादन एकः स्वामित्व अनेक"** भन्ने मान्यताका साथ बाली तथा पशुपन्छी विशेष उत्पादन क्षेत्र तोकी कृषि उपज तथा पशुपन्छीहरूको व्यावसायिकरणको लागि कृषकहरूलाई कलष्टरगत खेती तथा पशुपालनमा प्रोत्साहित गरिनेछ। हिमाली क्षेत्रमा रैथाने कृषिबाली अन्न, स्याउ, ओखर, भेडा, च्याङ्ग्रा, चौरी र पहाडी जिल्लामा टिमुर, अदुवा, बेसार जस्ता मसलाबाली र मासु

तथा दुग्धजन्य पशुपालनमा विशेष जोड दिइनेछ। कृषि तथा पशु प्राविधिकलाई कृषि फर्म, खेतबारी र गोठमा परिचालन गरी कृषकहरूलाई ज्ञान, सीप र प्रविधि प्रदान गर्न **कृषि प्राविधिक परिचालन कार्यक्रम** सञ्चालन गरिनेछ।

८. **"कर्णालीले जे बेच्छ, मूल्यवान उपज बेच्छ"** भन्ने अवधारणाका आधारमा प्रदेशका निर्यात योग्य अर्गानिक, रैथाने र उच्च मूल्ययुक्त वस्तुहरूको पहिचान झल्किने **"मूल्यवान"** लोगो प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। कृषि तथा पशुपन्छीजन्य उत्पादनको बजारीकरणका लागि उत्पत्तिको प्रमाणपत्र, ब्रान्डिङ्ग, लेबलिङ तथा गुणस्तर लोगो प्राप्तिमा सहयोग गरिनेछ। प्रदेशमा उत्पादन भएका कृषि उपजहरूको अर्गानिक प्रमाणीकरण गर्ने संयन्त्र स्थापना गर्न समन्वय र सहजीकरण गरिनेछ। **"कर्णालीको मूल्यवान उत्पादन, कृषकहरूलाई प्रोत्साहन"** भन्ने मान्यताका साथ कर्णाली प्रदेशका कृषि पेशामा संलग्न व्यक्ति, समूह, कम्पनी र सहकारीलाई परिणाम तथा नतिजामा आधारित उत्पादन, सङ्कलन, ढुवानी तथा बजारीकरणको व्यवस्था गरिनेछ।

९. कृषि तथा वनजन्य उपजको प्रशोधन तथा बजारीकरणका लागि लागत र परिमाणको आधारमा स्थानीय तह, सहकारी र निजी क्षेत्रलाई उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ। माछा, मासु, अण्डा, दुध र दुग्धजन्य पदार्थमा प्रदेशलाई आत्मनिर्भर बनाउँदै आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा जोड दिइनेछ।

१०. कृषकको उत्पादन लागत र मुनाफा सुनिश्चितताको लागि कृषि उपजका विशेष बालीहरूमा न्यूनतम बिक्री मूल्य निर्धारण गरी निर्धारित मूल्यभन्दा कम मूल्यमा बिक्री भएमा अन्तर बराबरको रकम कृषकलाई प्रोत्साहनको रुपमा सहयोग उपलब्ध गराउन **परिपूरण कार्यक्रम** सञ्चालन गरिनेछ।

११. हिमाली क्षेत्रका भेडा तथा च्याङ्ग्रापालक कृषकलाई उपलब्ध गराइएको पशु औषधि उपचार सहयोगलाई निरन्तरता दिँदै चौरीपालक कृषकलाई समेत यस्तो सहयोग उपलब्ध गराइनेछ। माटो, बालीनाली तथा पशुपन्छीहरूमा देखिने महामारीजन्य समस्याहरूको व्यवस्थापनका लागि अभियानमुखी कार्यक्रम सञ्चालन गरिनेछ। कृषक तथा उद्यमीको लगानी सुरक्षित गर्न स्थानीय तहको सहकार्यमा कृषि तथा पशुपन्छी बीमालाई थप प्रभावकारी बनाइनेछ।

१२. कृषि तथा वनमा आधारित उद्योगहरूलाई उत्पादनको आधारमा बैंक तथा वित्तीय संस्था र सहकारी संस्था मार्फत दिँदै आएको कर्जामा सहुलियतपूर्ण ब्याज अनुदान कार्यक्रम र भूमिहीन, सिमान्तकृत तथा विपन्न कृषकहरूको आयआर्जन सुनिश्चित गर्न लक्षित वर्ग विशेष कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३. कृषि सम्बन्धी अध्ययन, अनुसन्धान, विकास तथा प्रविधि प्रसार जस्ता कार्यका लागि शिक्षण संस्था, कृषि अनुसन्धान परिषद् र विकास साझेदार संघसंस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ। सुर्खेत स्थित पशुपन्छी प्रयोगशालालाई प्रदेश स्तरको रिफरल पशु अस्पतालको रूपमा स्तरोन्नति गर्न संघीय सरकारसँग समन्वय गरिनेछ। उन्नत नश्लका पशु उत्पादनका लागि कृत्रिम गर्भाधानको व्यवस्थाका लागि **तरल नाइट्रोजन उत्पादन प्लाण्ट**को स्थापना गरिनेछ।

१४. वैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई कृषि व्यवसायमा आकर्षित गर्न ज्ञान, सीप, प्रविधि र वित्तीय पहुँच सहितको प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गरिनेछ। कृषि क्षेत्रमा संलग्न कृषकहरूलाई परिचयपत्रको व्यवस्था मिलाइनेछ। कृषि क्षेत्रमा उल्लेखनीय कार्य गर्ने व्यावसायिक कृषक तथा प्राविधिक कर्मचारीलाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१५. जनआन्दोलन, जनयुद्ध र कर्णाली प्रदेश प्राप्तिको आन्दोलनका सहिद परिवार, घाइते र अपाङ्गता भएका व्यक्तिको जीविकोपार्जनको लागि व्यवसाय सञ्चालन गर्न बीउ पूँजी उपलब्ध गराइनेछ।

१६. बाँझो जग्गाको प्रयोग, करार खेती र चक्लाबन्दी खेतीलाई प्रोत्साहित गरिनेछ। भुउपयोग नीति र जोखिम संवेदनशील भूउपयोग गुरु योजना कार्यान्वयनमा ल्याइनेछ।

१७. सहकारी संघसंस्थाको प्रभावकारी नियमन तथा सुपरीवेक्षण गरी सुशासनयुक्त सहकारी क्षेत्रको विकास गरिनेछ। उत्पादनमूलक सहकारीहरूको प्रवर्द्धनमा विशेष जोड दिइनेछ।

**माननीय सदस्यहरू,**

१८. संघीय सरकारसँगको सहकार्यमा बिजिनेस इन्कुबेसन सेन्टरको स्थापना गरिनेछ। हरित व्यवसायको स्टार्टअपका लागि प्रविधि र बीउ पूँजीको व्यवस्था मिलाइनेछ। वन तथा कृषिमा आधारित रोजगारी सिर्जना गर्ने मझौला तथा साना उद्योगहरूलाई ब्याज अनुदान उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ। प्रदेशभित्र रहेका खामु, चुली, ढटेलो, डालेचुक जस्ता वस्तुहरूको उत्पादन तथा प्रशोधनको लागि स्थानीय तह मार्फत उत्पादन सहकारी र उपभोक्ता समूहलाई प्रविधि तथा अनुदान सहयोग उपलब्ध गराइनेछ। यस्ता वस्तुहरूको उत्पादन तथा प्रशोधनको लागि उपयुक्त स्थानमा उद्योग स्थापना गर्न प्रोत्साहित गरिनेछ।

१९. स्थानीय कच्चा पदार्थमा आधारित उच्च मागका उत्पादनको विकास, विस्तार र बजारीकरणको लागि **"वस्तु विकास प्रशिक्षण कक्ष" र "प्रदर्शनी सहित बिक्री कक्ष"** सञ्चालन गरिनेछ। सुर्खेतको छिन्चुदेखि मेहेलकुनासम्मको क्षेत्रलाई कर्णाली प्रदेशको औद्योगिक कोरिडोरको रुपमा विकास गर्न सम्भाव्यता अध्ययन गरिनेछ। **एक जिल्ला एक उद्योग ग्राम स्थापना** गर्न आवश्यक प्रबन्ध मिलाइनेछ।

२०. स्थानीय तहको पूर्ण लगानीमा स्थापना गरेको कृषि, दुग्धजन्य, पशुजन्य, खनिज, जडिबुटी तथा वन पैदावारमा आधारित उद्योगलाई प्रदेश सरकारबाट मेसिनरी उपकरणमा ५० प्रतिशत अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। कर्णाली प्रदेशभित्र ठुलो परिमाणमा रोजगारी सिर्जना हुने गरी लगानीकर्ताले उत्पादनमूलक उद्योग स्थापना गरेमा उद्योगसम्म पुग्ने पहुँच मार्ग, ढल निकास, खानेपानी, विद्युतीय प्रसारण लाइन जस्ता पूर्वाधारको निर्माण गरिनेछ। संघीय सरकारसँगको समन्वयमा कृषि, जलविद्युत, वन तथा खनिजमा आधारित उद्योग तथा हर्बल पार्क स्थापनाका लागि बाह्य लगानी आकर्षित गरिनेछ। प्रदेश मातहत एक बोटानिकल गार्डेन र जुलोजिकल पार्कको स्थापना गर्ने कार्य अगाडि बढाइनेछ।

२१. उत्पादन सहकारी मार्फत तुलनात्मक लाभका क्षेत्रमा सामुदायिक उद्योग स्थापना गर्न **एक वडा एक उत्पादन सहकारी**को अवधारणा कार्यान्वयन गरिनेछ। श्रम सहकारीलाई विशेष प्राथमिकता दिइनेछ।

२२. जैविक फोहोरबाट **मल तथा कम्प्रेस्ड नेचुरल ग्याँस** उत्पादन गर्ने वातावरणमैत्री नविन प्रविधियुक्त उद्योगलाई प्रोत्साहन गरिनेछ। सार्वजनिक निजी साझेदारीमा आधारित दुग्ध, जडिबुटी, मसला, ऊन तथा रेशादार वस्तु प्रशोधन उद्योग स्थापनाको कार्य अगाडि बढाइनेछ।

२३. खाद्यान्न तथा दैनिक उपभोग्य वस्तुहरूको आपूर्तिको सुनिश्चितता र गुणस्तर कायम गर्दै आपूर्ति प्रणालीलाई सबल बनाइनेछ। उपभोक्ता हित सम्बन्धी सचेतना कार्यक्रम र प्रभावकारी बजार अनुगमनको व्यवस्था मिलाइनेछ। स्थानीय भण्डारण तथा बजार प्रवर्द्धन गरी स्थानीय आयआर्जनमा थप टेवा पुऱ्याइनेछ।

**माननीय सदस्यहरू,**

२४. प्राकृतिक, धार्मिक, साँस्कृतिक, पुरातात्विक एवम् ऐतिहासिक, पर्यटकीय सम्भाव्य स्थलहरूको संरक्षण र सम्बर्द्धन गर्न **कर्णाली प्रदेश पर्यटन गुरुयोजना** कार्यान्वयनमा ल्याइनेछ। रारा, फोक्सुण्डो र वीरेन्द्रनगर जोड्ने सुनौलो त्रिभुज तथा कैलास मानसरोवर जोड्ने सुनौलो सिक्रीको पर्यटकीय विकासको अवधारणा अनुरुप आसपासका सबै क्षेत्रमा प्रकृतिमैत्री पदमार्ग लगायतका पर्यटकीय पूर्वाधारको विकास गरिनेछ।

२५. रारा, फोक्सुन्डो, लिमी भ्याली, पञ्चकोशी, पञ्चपुरी, चौकुने, कुभिन्डे, स्यार्पु, गोतामकोट, पचालझरना जस्ता महत्त्वपूर्ण पर्यटकीय स्थलमा होमस्टे प्रवर्द्धन गरिनेछ। कर्णाली कैलाश पवित्र धार्मिक परिपथ, बोन सम्पदा परिपथ, चारनाथ धाम परिपथ, मस्टो परिपथ, मालिका परिपथ र पन्चकोशी धाम **धार्मिक परिपथ** विकासको अवधारणालाई अगाडि बढाइनेछ।

२६. कर्णाली प्रदेशको राजधानी बाहिरको पर्यटकीय क्षेत्रमा कम्तीमा तीन तारेस्तरको होटेल निर्माण गरेमा होटेलसम्मको पँहुच मार्ग, खानेपानी, विद्युतीय प्रशारण लाइन जस्ता पूर्वाधार निर्माणमा सहयोग गरिनेछ। कर्णाली प्रदेशमा हवाई सेवालाई नियमित, सुरक्षित, भरपर्दो र सुलभ बनाउन समन्वय र सहकार्य गरिनेछ। सुर्खेत विमानस्थलको स्तरोन्नतिको लागि संघीय सरकारसँग समन्वय गरिनेछ।

२७. स्थानीय तहसँगको समन्वय र सहकार्यमा रक क्लाइम्बिङ्ग, क्यानोनिङ्ग, प्याराग्लाइडिङ्ग, बन्जी जम्प, र्‍याफ्टिङ्ग, अल्ट्रा म्याराथुन लगायतका साहसिक पर्यटकीय कार्यक्रमहरू सञ्चालन तथा प्रवर्द्धन गरिनेछ। संघीय सरकारको समन्वयमा कर्णाली प्रदेशमा रहेका हिमालहरूलाई सम्भावनाको आधारमा आरोहण खुला गर्न र हिमाली क्षेत्रमा विद्यमान दोहोरो पर्यटकीय शुल्क हटाउन आवश्यक पहल गरिनेछ।

२८. पर्यटन क्षेत्रमा दक्ष जनशक्ति सहित रोजगारी सिर्जनाका लागि नेपाल पर्यटन तथा होटेल व्यवस्थापन प्रतिष्ठानसँगको सहकार्यमा कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान मार्फत ट्रेकिङ्ग गाइड, टुर गाइड, माउण्टेनियरिङ्ग, र्‍याफ्टिङ्ग, होटेल व्यवसाय जस्ता क्षेत्रमा तालिमहरू सञ्चालन गरिनेछ।

२९. खस राज्यको प्रवर्तक नागराजको प्रतिमा स्थापना गरी खस राजधानी सिँजालाई विशेष पर्यटकीय स्थलको रुपमा दरबार क्षेत्रको विकास गर्ने व्यवस्था मिलाइनेछ। दुल्लु दरबार र जाजरकोट दरबार क्षेत्रको विकास र संरक्षणका लागि पहल गरिनेछ।

३०. प्रदेश सङ्ग्रहालयको स्तरोन्नति तथा सुदृढीकरणको लागि गुरू योजना तयार गरी अभिलेखालयको रुपमा समेत विकास गरिनेछ। जनयुद्ध सङ्ग्रहालय, मगर, थारु, भोटे लगायतका सङ्ग्रहालयको विकास र प्रवर्द्धनका लागि आवश्यक कार्य अगाडि बढाइनेछ। स्थानीय तहसँगको सहकार्य तथा समन्वयमा प्राचीन भाषा, साहित्य, कला, धर्म, संस्कृति, जात्रा, मेला आदिको अध्ययन, अनुसन्धान, अभिलेखीकरण, संरक्षण लगायतका कार्यको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

**माननीय सदस्यहरू,**

३१. **"दिगो वन व्यवस्थापनः स्वच्छ र समृद्ध जीवनयापन"** भन्ने सोच अनुरुप वन क्षेत्रको दीगो वृद्धि गरी सहज र सरल आपूर्ति एवम् वन क्षेत्रबाट हुने राजस्व सङ्कलनमा वृद्धि गरिनेछ। स्थानीय समुदायको सहभागितामा आधारित वन व्यवस्थापन कार्यक्रम मार्फत **"समृद्धिका लागि वन"** को राष्ट्रिय लक्ष्य हाँसिल गर्न जोड दिइनेछ।

३२. **"जडीबुटी विकास कार्यक्रम"** लाई निरन्तरता दिंदै जडिबुटी सङ्कलनको प्रमुख गन्तव्यको रुपमा रहेका पाटन तथा खर्कहरूको दिगो व्यवस्थापनका लागि **"लेक तथा पाटन संरक्षण कार्यक्रम"** सञ्चालन गरिनेछ। काष्ठ तथा गैर-काष्ठ वन पैदावार, जडीबुटी जस्ता स्थानीय कच्चा पदार्थको उत्पादन, प्रशोधन तथा प्रवर्द्धनका लागि उद्यमीलाई पूर्वाधार र सीप विकासमा सहयोग पुऱ्याउन **सीपसँग सहयोग कार्यक्रम**लाई निरन्तरता दिइनेछ। जडीबुटी प्रशोधन उद्योगलाई प्रोत्साहित गर्न स्थानीय तहको लगानीमा स्थापित जडीबुटी प्रशोधन उद्योगमा प्रदेश सरकारबाट समेत लगानी गर्ने नीति लिइनेछ।

३३. जडीबुटीमा आधारित उद्योगलाई बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाह भएको तीन करोड रुपैयाँसम्मको कर्जा निक्षेप तथा कर्जा सुरक्षण कोषबाट सुरक्षण गर्ने व्यवस्थाका लागि सहजीकरण गरिनेछ।

३४. प्रादेशिक वातावरण मापदण्ड र सूचकहरू निर्माण गरी कार्यान्वियन गरिनेछ। प्लाष्टिकजन्य वस्तुको प्रयोगलाई निरुत्साहित तथा नियन्त्रण गर्दै **"वातावरणमैत्री विकास कार्यक्रम"** सञ्चालन गरिनेछ। सडक निर्माण गर्दा लागत अनुमानमा नै सडक आसपास वृक्षारोपण गर्नुपर्ने बायोइन्जिनियरिङ प्रणाली तथा प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनमा उल्लेख भएका सुझावहरू अनिवार्य पालना गर्ने व्यवस्था मिलाइनेछ।

३५. वनपैदावार, विशेष घाँसजन्य वनस्पति र खेर जाने काठ दाउरालाई प्रशोधित गरी बनाइने जिरो कार्बन र भूकम्प प्रतिरोधात्मक भवन निर्माण सम्बन्धी स्थानीय सामग्रीहरू निर्माण गर्ने प्रविधि र प्रयोगलाई प्रोत्साहित गरिनेछ।

३६. खाद्यान्न तथा दैनिक उपभोग्य वस्तुहरूको आपूर्तिको सुनिश्चितता र गुणस्तर कायम गर्दै उपभोक्ताको स्वास्थ्यलाई ध्यानमा राखी उपभोक्ता हित सम्बन्धी सचेतना कार्यक्रम र प्रभावकारी बजार अनुगमनको व्यवस्था मिलाइनेछ।

**माननीय सदस्यहरू,**

३७. कर्णालीबासीको आधारभूत स्वास्थ्य सेवाको पहुँचलाई सुलभ, सहज, गुणस्तरीय र प्रभावकारी बनाउन विशेषज्ञ स्वास्थ्य सेवाका लागि आवश्यक पूर्वाधार, जनशक्ति, औषधि तथा उपकरणको व्यवस्थापन गरिनेछ। रोग लागेपछि मात्र उपचार गर्ने प्रवृत्ति अन्त्य गर्न स्वास्थ्य प्रदायक संस्था, भौतिक पूर्वाधार, प्रविधि र आवश्यक जनशक्तिको प्रबन्ध गरी रोगको उपचार र रोगको पूर्वरोकथाम प्रक्रियालाई प्राथमिकता दिइनेछ। आर्थिक वर्ष २०८०/०८१ लाई **नागरिक स्वास्थ्य परीक्षण वर्ष**को रुपमा लिइनेछ। यसका लागि स्थानीय र संघीय तहका अस्पताल तथा स्वास्थ्य संस्था र विकास साझेदार समेतको सहकार्यमा नागरिकको स्वास्थ्य परीक्षण सेवा सञ्चालन गरिनेछ।

३८. २५ देखि ५० शैय्यासम्मका जिल्ला अस्पतालमा डायलाइसिस, दन्त चिकित्सा, फिजियोथेरापि, प्रयोगशाला, आँखा उपचार, रक्तसञ्चार लगायतका विशेषज्ञ स्वास्थ्य सेवाका लागि आवश्यक उपकरण तथा जनशक्ति व्यवस्थापन गर्दै टेलिमेडिसिन मार्फत् समेत सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ। समय समयमा विशेषज्ञ र विशिष्टिकृत स्वास्थ्य सेवा शिविर सञ्चालन गरिनेछ। प्रदेशका सबै जिल्ला अस्पताल र स्वास्थ्यचौकीहरूलाई सूचना प्रविधिसँग जोड्नको लागि एकै प्रकारको अस्पताल व्यवस्थापन सूचना प्रणाली जडान गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ।

३९. प्रदेश अस्पताल, सुर्खेतमा मुटु, क्यान्सर, मिर्गौला डायलाइसिस र युरोलोजी सेवा उपलब्ध गराई प्रेषण अस्पतालको रुपमा सेवा विस्तार गरिनेछ। उक्त अस्पताललाई संघीय सरकारको समन्वयमा चिकित्साशास्त्रको स्नातक (एमबिबिएस) र स्नातकोत्तर (एमडी) अध्ययनका लागि शिक्षण अस्पतालको रुपमा विकास गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

४०. मिर्गौलाको डायलाइसिस सेवालाई कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र चौरजहारी अस्पतालमा विस्तार गर्न आवश्यक व्यवस्था गरिनेछ। यो सेवालाई जिल्ला अस्पतालहरूमा क्रमशः विस्तार गर्दै लगिनेछ। संक्रामक रोगको रोकथाम, निगरानी, निदान, नियन्त्रण र व्यवस्थापनका लागि आवश्यक जनशक्ति, उपकरण र पूर्वाधारको व्यवस्था गरिनेछ। संघीय सरकारको समन्वयमा प्रदेशमा सरुवा रोग अस्पतालको भौतिक पूर्वाधारको निर्माण कार्य अगाडि बढाइनेछ।

४१. प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई बि.एस.एल. द्वितीयस्तरको सेवासहितको प्रयोगशालाको रूपमा स्तरोन्नति गरिनेछ। प्रदेशका सबै सार्वजनिक अस्पतालहरूमा प्रयोगशालाको स्तरोन्नति गरी थाइराईड, लिपिडप्रोफायल र बायोकेमेस्ट्रि सेवाको प्रवाह हुने व्यवस्था मिलाइनेछ। प्रदेश जनस्वास्थ्य प्रयोगशाला तथा जिल्ला अस्पतालमा भएका प्रयोगशालाहरूलाई मापदण्ड अनुसार प्रेषण तथा रिफरेन्स प्रयोगशालाको रुपमा विकास गरिनेछ। प्रदेशमा स्वास्थ्य आकस्मिक केन्द्र र प्रेषण केन्द्रलाई थप व्यवस्थित गरिनेछ।

४२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्रसँगको आवद्धतामा बायोमेडिकलको डिप्लोमा कोर्स सञ्चालन गरी स्वास्थ्य उपकरणको मर्मत सम्भारको लागि आवश्यक जनशक्तिको विकास गरिनेछ। राष्ट्रिय आविष्कार केन्द्रसँग सहकार्य गरी आधारभूत स्वास्थ्य उपकरण उत्पादन तथा अनुसन्धान सम्बन्धी कार्य अगाडि बढाइनेछ।

४३. प्रदेशस्थित वैकल्पिक चिकित्सा अन्तर्गत सञ्चालन भएका योग, प्राकृतिक चिकित्सा, अकुपञ्चर, होमोपैथिक र आम्ची उपचारको संरक्षण र प्रवर्द्धन गरिनेछ। प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रलाई आयुर्वेद तथा प्राकृतिक चिकित्साको अनुसन्धान तथा औषधि उत्पादनको मुख्य केन्द्रको रुपमा र जिल्ला आयुर्वेद औषधालयलाई आयुर्वेद तथा वैकल्पिक चिकित्सा (प्राकृतिक चिकित्सा, होमियोप्याथी र थेरापी) अस्पताल तथा औषधि उत्पादन केन्द्रको रुपमा विकास गरिनेछ। स्वास्थ्यजन्य फोहोरको मापदण्ड निर्धारण गरी प्रदेशका सबै अस्पतालमा लागू गरिनेछ।

४४. कर्णाली प्रदेशमा भएका औषधिजन्य खनिज, प्राणी र जडीबुटीहरूको सङ्कलन, प्रशोधन, उत्पादन र वितरणमा अध्ययन अनुसन्धान र विकास गर्न सम्बद्ध क्षेत्रसँग समन्वय तथा सहकार्य गरिनेछ। स्थानीय तहसँगको समन्वय र सहकार्यमा प्रत्येक जिल्लाको कम्तीमा एउटा विद्यालयमा आयुर्वेद तथा वैकल्पिक चिकित्साको अध्ययन हुने व्यवस्था मिलाइनेछ।

४५. मातृ सुरक्षालाई ध्यानमा राखी बर्थिङ्ग सेन्टरमा अल्ट्रासाउण्ड सेवाको पहुँच बढाउन र बाल स्वास्थ्य पोषणमा सुधार गर्न स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ। कर्णाली प्रदेश सरकारबाट विगतदेखि सञ्चालनमा रहेका सुत्केरी पोषण उपहार, महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन र सामुदायिक स्वास्थ्य इकाइ सञ्चालन सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४६. स्वास्थ्य उपचारमा हुने आर्थिक व्ययभार कम गर्न स्थानीय तहसँगको सहकार्यमा बहुआयामिक गरिबहरूलाई निःशुल्क स्वास्थ्य बीमा कार्यक्रममा समेट्ने व्यवस्था मिलाइनेछ। विपन्न नागरिकहरूका लागि अत्याधिक खर्च हुने कडा रोगहरू मुटु, क्यान्सर, मिर्गौला, हेड इन्जुरी, स्पाइनल इन्जुरी, सिकलसेल, अल्जाइमर्स, अत्याधिक जलन, पार्किन्सन, हेमोफेलिया र अटिज्मको उपचारमा राहत र सहुलियतको व्यवस्था गरिनेछ।

**माननीय सदस्यहरू,**

४७. कर्णाली सार्वजनिक शिक्षा सुधार अभियान मार्फत सामुदायिक विद्यालयको प्रविधिमैत्री शिक्षण सिकाइलाई प्रभावकारी बनाउन सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला, इ-लर्निङ्ग तथा विद्यालय व्यवस्थापन प्रणाली स्थापना गरी दक्ष, सीपयुक्त र नैतिकवान जनशक्ति उत्पादन गर्न **एक जिल्ला एक नमूना विद्यालय** निर्माण गरिनेछ। शैक्षिक गुणस्तर अभिवृद्धि गर्न वीरेन्द्रनगरमा डिजिटल शिक्षण केन्द्र स्थापना गरी सामुदायिक विद्यालयमा डिजिटल बोर्ड मार्फत विद्यार्थीहरूलाई अङ्ग्रेजी, गणित, विज्ञान र अन्य आवश्यक विषयको पठनपाठन शुरु गरिनेछ।

४८. विज्ञान, गणित र अङ्ग्रेजी विषयमा स्नातकोत्तर गरेका उत्कृष्ट व्यक्तिलाई स्वयंसेवक शिक्षकको रुपमा खटाई विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित विषयको पठनपाठनलाई विद्यालय तहदेखि नै सुधार गरिनेछ। सार्वजनिक विद्यालयमा स्वास्थ्य र पोषण सम्बन्धी सेवा प्रवर्द्धन गर्न **एक विद्यालय एक स्वास्थ्यकर्मी** कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४९. सार्वजनिक विद्यालयमा **पढ्दै-सिक्दै-कमाउँदै** अवधारणालाई कार्यान्वयन गर्दै व्यावसायिक तथा प्रयोगात्मक सिकाइको व्यवस्था गरिनेछ।

५०. प्रदेशको सार्वजनिक शिक्षा सुधारमा उल्लेखनीय योगदान पुऱ्याउन स्तरीय र ख्यातिप्राप्त सार्वजनिक प्राविधिक अध्ययन संस्थालाई आकर्षण गर्न प्रदेशभित्र पूर्वाधार निर्माणमा सहयोग गरिनेछ। विद्यालयहरूमा शिक्षण क्रियाकलापलाई प्रभावकारी, गुणस्तरीय र नतिजामुखी बनाउन उत्कृष्ट योगदान गर्ने विद्यालय र शिक्षकलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ।

५१. संघ र स्थानीय तहसँग समन्वय र सहकार्य गरी कर्णाली प्रदेशलाई पूर्ण साक्षर प्रदेशको रूपमा घोषणा गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमनका लागि आवश्यक कानून बनाइनेछ। माध्यमिक शिक्षा परीक्षा सञ्चालन, व्यवस्थापन र सुधारका लागि आवश्यक कार्य गरिनेछ।

५२. दलित, अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख तथा अतिविपन्न समुदायका बालवालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच अभिवृद्धि गर्न छोरीबुहारी, दलित, अपाङ्ग तथा सीमान्तकृत र लोपोन्मुख समुदायका विद्यार्थीलाई सीपमूलक प्राविधिक शिक्षा अध्ययनका लागि विशेष छात्रवृत्ति प्रदान गरिनेछ।

५३. नवसिर्जनशील, वैज्ञानिक, व्यावसायिक र मानव मूल्यमा आधारित शिक्षाका लागि समयानुकूल पाठ्यक्रम परिमार्जन गर्न नेपाल सरकार र स्थानीय तहसँग समन्वय गरिनेछ। कर्णाली विकास सेवा स्वयंसेवक कार्यक्रम मार्फत युवाहरूलाई आवश्यक तालिम दिई परिचालन गर्ने व्यवस्था मिलाइनेछ।

५४. प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण, शैक्षिक योजना निर्माण र कार्यान्वयन गरिनेछ। प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापनको कार्य अगाडि बढाइनेछ। राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपको आधारमा परम्परागत तथा आधुनिक सीपको परीक्षण, प्रमाणीकरण, प्रवर्द्धन र उद्यमीकरणका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) र स्थानीय तहसँग समन्वय गरिनेछ।

**माननीय सदस्यहरू,**

५५. मानवअधिकारको विश्वव्यापी घोषणापत्र, नेपालको संविधानमा उल्लेखित मानवअधिकार, सामाजिक न्याय, लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई प्रदेश शासन व्यवस्थाको आधारभूत मूल्यमान्यताको रुपमा संस्थागत गर्दै लगिनेछ। बालविवाह, बहुविवाह, बोक्सी प्रथा, छुवाछुत, छाउपडी प्रथा, घरेलु तथा लैंगिक हिंसा, लागु औषध, मानव बेचबिखन, अपाङ्गता र जेष्ठ नागरिकलाई गरिने विभेद जस्ता सामाजिक विकृतिका विरुद्ध स्थानीय तह र विकास साझेदारहरूसँगको सहकार्यमा टोल स्तरीय सामाजिक रुपान्तरण समिति गठन गरी **प्रदेश प्रमुख सामाजिक रुपान्तरण कार्यक्रम** अभियानको रुपमा सञ्चालन गरिनेछ।

५६. सामाजिक रुपान्तरणमा उल्लेखनीय काम गर्ने स्थानीय तहलाई प्रोत्साहन गरिनेछ। बालमैत्री, छाउपडीमुक्त, छुवाछुतमुक्त, बालविवाहमुक्त, घरेलु तथा लैङ्गिक हिंसामुक्त र वातावरणमैत्री स्थानीय तह घोषणा गर्न सहयोग र समन्वय गरिनेछ। घरेलु तथा लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाहरूको उद्धार, संरक्षण र पुनर्स्थापनाका लागि स्थानीय तहसँगको सहकार्यमा

पुनर्स्थापना र अल्पकालीन सेवालाई निरन्तरता दिइनेछ। बालविज्याईंमा संलग्न बालबालिकाहरूको लागि बालसुधार गृह स्थापना गरिनेछ।

५७. प्रदेश सरकारबाट सञ्चालित **बैंक खाता छोरीको, सुरक्षा जीवन भरिको** कार्यक्रमलाई आवश्यक परिमार्जन सहित निरन्तरता दिइनेछ।

५८. लामो समयदेखि जङ्गलमा घुमन्ते जीवनयापन गरिरहेका लोपोन्मुख राउटे समुदायको संरक्षण र सशक्तीकरणमा पहल गरिनेछ। हलिया, मुक्त कमैया र सुकुम्बासीहरूको सवालहरू सम्बोधन गर्न संघीय सरकारसँग समन्वय गरिनेछ।

५९. संरक्षक नभएका ज्येष्ठ नागरिकको सहज, सरल र सम्मानयुक्त जीवनयापनका लागि स्थानीय तहको सहकार्यमा वृद्धाश्रम सञ्चालनमा गरिने सहयोग र सहकार्यलाई निरन्तरता दिइनेछ। ज्येष्ठ नागरिकलाई देशदर्शनको कार्यक्रम सञ्चालन गरिनेछ। निजहरूको ज्ञान, सीप र अनुभव पुस्तान्तरणको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

६०. अपाङ्गता भएका नागरिकहरूको सहज जीवनयापनका लागि शिक्षा, स्वास्थ्य, सीप विकास र रोजगारीका अवसरमा पहुँच वृद्धि गराउने कार्यक्रमलाई प्राथमिकता दिइनेछ। अपाङ्गहरूको लागि कृत्रिम अङ्ग तथा सहायता उपकरण उत्पादन गर्ने उद्योगलाई प्रोत्साहित गरिनेछ। कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानमार्फत बहिरा तथा दृष्टिविहीनहरूको लागि प्राविधिक प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

६१. धार्मिक तथा साँस्कृतिक परम्परा अनुसार दाहसंस्कारलाई व्यवस्थित गर्न सुर्खेतको उपयुक्त स्थानमा विद्युतीय शवदाह गृह स्थापना गरिनेछ।

**माननीय सदस्यहरू,**

६२. प्रदेशको विकास र समृद्धिमा युवाको रचनात्मक योगदान सुनिश्चित गर्न युवाहरूको नेतृत्व विकास, प्रतिभा पहिचान, उद्यमशीलता स्वरोजगार, खेलकुद र वैज्ञानिक कृयाकलापका लागि प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ। स्वस्थ र सिर्जनशील जीवनयापनका लगि खेलकुद, योग, व्यायाम, ध्यान लगायतका कार्यक्रमलाई विद्यालय तहसम्म विस्तार गर्ने व्यवस्था मिलाइनेछ। स्थानीय तहसँगको सहकार्यमा छात्राहरूलाई आत्मरक्षा सम्बन्धी तालिमहरू दिइनेछ।

६३. दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजनाका लागि प्रदेश स्तरीय पूर्वाधार विकासलाई निरन्तरता दिंदै तीनै तहका सरकारको स्रोत परिचालन गरी खेल पूर्वाधारको विकास गर्ने नीतिलाई प्राथमिकता दिइनेछ। खेलकुद क्षेत्रको समग्र विकासको लागि पाँच "प" अर्थात पूर्वाधार, प्रशिक्षण, प्रतियोगिता, प्रोत्साहन र पुरस्कार कार्यक्रमलाई जोड दिइनेछ।

**माननीय सदस्यहरू,**

६४. संघीय सरकारसँगको समन्वयमा टेरिटोरियल तथा कोरिडोर विकास अवधारणालाई कार्यान्वयन गरिनेछ। कर्णाली कोरिडोर, कर्णाली राजमार्ग, भेरी कोरिडोर, राप्ती लोकमार्ग, थारमारे-चौरजहारी-जुम्ला (सहिद कामी बुढा मार्ग), धो मरिम-दुनै- पातारासी–रारा–लिमी (कैलाश

मानसरोवर दर्शन क्षेत्र) हुँदै मुक्तिनाथ जोड्ने सडक विकास योजना तयार गरी क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।

६५. प्रादेशिक सडक ऐन र यातायात ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। प्रादेशिक सडक गुरुयोजनाबाट पहिचान भएका प्रदेश निर्वाचन क्षेत्र रणनीतिक सडक तथा पुल आयोजनाहरूको योजना तर्जुमा गर्ने कार्यलाई अगाडि बढाइनेछ। प्रदेश महत्वका रणनीतिक सडकहरूमा आवश्यकता अनुसार लगानी गरिनेछ। स्थानीय तहको केन्द्रबाट जिल्ला सदरमुकाम र जिल्ला सदरमुकामबाट प्रदेश राजधानी जोड्ने सडक निर्माण तथा स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

६६. सडक सुरक्षा सम्बन्धी ३"इ" अर्थात् इन्जिनियरिङ, एजुकेशन र इन्फोर्समेण्टको कार्यलाई एकसाथ अगाडि बढाइनेछ। सडक निर्माणको गुणस्तर, सडक सुरक्षा र दुर्घटना न्यूनीकरणका लागि मादपण्ड तयार गरी लागू गरिनेछ। सडक सुरक्षा कार्यक्रम अन्तर्गत यातायातको सुरक्षाको लागि वीरेन्द्रनगर लगायतका शहरी सडकहरूमा ट्राफिक सम्बन्धी साईन तथा सिम्बोल लाइटिङ्गको व्यवस्था मिलाइनेछ।

६७. विगतदेखि सञ्चालित क्रमागत आयोजनाहरू सम्पन्न गर्न विशेष प्राथमिकता दिइनेछ। नयाँ पूर्वाधारका योजनाहरूलाई पूर्वाधार विकास आयोजना माग तथा छनौट कार्यविधिलाई आधार तथा मानक बनाइनेछ।

६८. सुर्खेतको मङ्गलगढी चौकमा आकाशे पूल निर्माणको लागि सम्भाव्यता अध्ययन गरी विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ। नेपाल सरकार तथा स्थानीय तहसँगको सहकार्यमा आवश्यक स्थानमा झोलुङ्गे पुल निर्माण गरिनेछ।

६९. प्रदेश सरकारको कार्यक्षेत्रमा परेका बाह्रै महिना यातायात सञ्चालन हुने सडकहरूको नियमित सम्भार, रेखदेख र संरक्षणको लागि प्रत्येक तीन किलोमिटरमा एक जना सडक मर्मत सम्भारकर्ताको व्यवस्थालाई सुरुवात गरिनेछ। स्थानीय तहसँगको लागत सहभागितामा नियमित सडक मर्मत सम्भार गर्ने व्यवस्था मिलाइनेछ।

७०. स्थानीय तहको समन्वय र साझेदारीमा दलित, लोपोन्मुख, सिमान्तकृत, विपन्न, घरविहीन समुदाय तथा जोखिमयुक्त बस्तीहरूमा प्रकोप प्रतिरोधी, सुरक्षित, व्यवस्थित, अपाङ्गमैत्री, वातावरणमैत्री भवन र बस्ती सुधारका अन्य संरचनाहरू निर्माण गर्न एकीकृत बस्ती विकास कार्यक्रम, विपन्नको घर कार्यक्रम र जनता आवास कार्यक्रम सञ्चालन गरी सुरक्षित आवासको व्यवस्था गरिनेछ।

७१. नेपाल सरकारबाट संकटग्रस्त घोषणा भएका कर्णाली प्रदेशका बस्तीहरूलाई स्थानीय तहको समन्वयमा सुरक्षित स्थानमा स्थानान्तरण गरिनेछ। यस्ता क्षेत्रमा विपद्को समयमा क्षति भएका सामुदायिक पूर्वाधारहरू जस्तै सिँचाई, खानेपानी, जमिन संरक्षणलाई पुनःनिर्माण गर्ने व्यवस्था मिलाइनेछ। विकट हिमाली क्षेत्र र विपन्न बस्तीका खर तथा माटोको छाना भएका घरहरूमा जस्तापाता तथा अन्य उपयुक्त प्रविधिको छानाहरू लगाउनको लागि **सुरक्षित छाना अभियान** कार्यक्रम सञ्चालन गरिनेछ।

७२. सुरक्षित, व्यवस्थित र वातावरणमैत्री तथा अपाङ्गमैत्री भवनहरू निर्माण गर्नका लागि भवनसँग सम्बन्धित कानून तथा संहिता निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ। हिमाली क्षेत्रका एकीकृत बस्तीमा सडक वत्ती, पार्क, चौतारी, ढल, सार्वजनिक धारा, शौचालय, छाना सुधार, सामुदायिक भवन, सडकमा ढुङ्गा छपाइ आदि पूर्वाधार निर्माण गर्न स्थानीय तहसँगको सहलगानीमा **बस्ती सुधार कार्यक्रम** सञ्चालन गरिनेछ।

७३. सुर्खेतको वीरेन्द्रनगरलाई राजधानी शहर, उच्च स्थानमा रहेको बस्ती डोल्पोबुद्ध, धो र रिग्मोलाई बौद्ध संस्कृति, कला सभ्यता, हुम्लाको लिमीलाई कैलाश मानसरोवर दर्शनद्वार, जुम्लाको सिंजालाई खस सभ्यताको उद्‌गमस्थल र प्राचीन ऋषिहरूको बासस्थानको रुपमा रहेको रुकुमको गोतामकोटलाई पर्यटकीय नगरको रुपमा विकास गर्न स्थानगत योजना सहित विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयन गरिनेछ।

७४. यातायात व्यवस्था कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई सूचना प्रविधिको माध्यमबाट सुशासनयुक्त र सेवाग्राही मैत्री बनाइनेछ। निजी क्षेत्रबाट स्थापित सवारी चालक प्रशिक्षण संस्थाहरूको नियमनको लागि कानूनी व्यवस्था गरिनेछ।

७५. प्रदेश तथा स्थानीय तहको संयुक्त लगानीमा विद्युतीय बस सेवा सञ्चालन गरी चार्जिङ सबस्टेशन स्थापना गर्न सम्बद्ध पक्षसँग समन्वय गरिनेछ। पर्यटन प्रवर्द्धनमा समेत योगदान पुग्ने गरी विकट भूगोल र बस्तीहरूमा यातायातको पहुँच विस्तार गर्न तार प्रणालीमा आधारित विद्युतीय यातायातको सम्भाव्यता अध्ययन गरिनेछ। कोटवाडा-मान्मा केवलकार स्थापनाका लागि प्रक्रिया अगाडि बढाइनेछ।

७६. पूर्वाधार निर्माण कार्यको गुणस्तर अभिवृद्धि गर्न प्रदेश राजधानी वीरेन्द्रनगरमा एक सुविधासम्पन्न गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गरिनेछ। यसलाई क्रमिक रुपमा सबै जिल्लामा विस्तार गर्ने नीति लिइनेछ।

**माननीय सदस्यहरू,**

७७. कर्णाली प्रदेशको जलसम्पदालाई अधिकतम उपयोग गरी कर्णाली समृद्धिका लागि उत्पादन, उत्पादकत्व वृद्धि र औद्योगीकरणको साधनको रुपमा विकास गरिनेछ। भेरी र कर्णाली नदी किनारको आसपासका कृषियोग्य सुख्खा क्षेत्रहरूलाई प्राथमिकता दिई लिफ्ट सिँचाई मार्फत सिँचाईको सुविधा उपलब्ध गराइनेछ।

७८. पूर्वसम्भाव्यता अध्ययन भइसकेको सोत खोला तथा अन्य सम्भावना भएका क्षेत्रमा बहुउद्देश्यीय जलाशय विकासको लागि विस्तृत सम्भाव्यता अध्ययन गरिनेछ। स्थानीय तहसँगको समन्वय र साझेदारीमा बर्षात, मूल र खोलाको पानी सङ्कलन गरी पुनर्भरण गर्न चेक ड्याम निर्माण तथा ताल तलैया, पोखरी र जलाशयको विकास गरिनेछ।

७९. केन्द्रीय प्रसारण लाइन नपुगेका जिल्लाका बस्तीहरूमा केन्द्रीय प्रसारण लाईन पुऱ्याउनको लागि संघीय सरकारसँग समन्वय गरिनेछ। विद्युतको पहुँच नभएका विकट बस्तीहरूमा सम्भाव्यता अध्ययन गरी सौर्य प्रणालीमार्फत विद्युतको पहुँच पुऱ्याइनेछ।

८०. संघीय सरकारको समेत लगानीमा रहेका जगदुल्ला लगायतका जलविद्युत आयोजनाहरूमा प्रदेश सरकारको लगानीलाई निरन्तरता दिइनेछ। एक सय मेगावाटसम्मका जलविद्युत उत्पादनको

लागि सम्भाव्यता अध्ययन गरी संघीय सरकारको सहकार्यमा सार्वजनिक निजी साझेदारीमा जलविद्युत आयोजना निर्माण कार्य अगाडि बढाइनेछ। स्थानीय सरकारको स्वामित्वमा निर्माण गरिएका जलविद्युत आयोजनाहरूमा शेयर लगानी वा अनुदान दिने व्यवस्था मिलाइनेछ।

८१. **एक घर एक धारा** अभियान मार्फत स्वच्छ एवम् स्वस्थ खानेपानी उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ। पूर्ण सरसफाई उन्मुख घोषणा गर्ने स्थानीय तहलाई प्रोत्साहन गरिनेछ। पानी परीक्षण प्रयोगशाला स्थापना गरी खानेपानीको गुणस्तर परीक्षण र खानेपानी सुरक्षा योजनालाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ।

८२. बाढी तथा पहिरोबाट जोखिमयुक्त बस्तीहरू र खेतीयोग्य जमिनको पहिचान गरी संरक्षण गर्न जल उत्पन्न प्रकोप नियन्त्रण कार्यक्रम र कर्णाली प्रदेश जनता तटबन्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८३. हिमाली जिल्लाका बस्तीहरूमा खाना पकाउन तथा पानी तताउनको लागि आधुनिक चुल्हो जडानमा सहयोग गर्न स्थानीय तह र विकास साझेदारहरूसँग सहकार्य गरिनेछ।

**माननीय सदस्यहरू,**

८४. संघ, स्थानीय तह र विकास साझेदारहरूसँगको समन्वय र सहकार्यमा कानून निर्माण, न्यायिक समितिको क्षमता विकास कार्यक्रम एवम् मानव अधिकार सम्बन्धी सचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

८५. डिजिटल कर्णालीको गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ। प्रदेश सरकारको राजपत्र, बजेट, नीति तथा कार्यक्रम, योजना लगायतका आधिकारिक दस्तावेजहरू छपाइ तथा प्रकाशन गर्नको लागि छापाखाना स्थापना गरिनेछ।

८६. कारागारमा रहेका बन्दीहरूलाई मनोसामाजिक परामर्श सेवाको साथै पुस्तकालय, समयसापेक्ष सीप तथा उद्यम विकास, खेलकुद, संगीत, ध्यान, योग जस्ता अतिरिक्त क्रियाकलाप सञ्चालनको व्यवस्था मिलाइनेछ। खुला कारागार निर्माण र कारागारहरूको पूर्वाधार सुधार गर्न संघीय सरकारसँग समन्वय गरिनेछ।

८७. कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धी कानून निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ। प्रदेशभित्र अपराध नियन्त्रण, सडक सुरक्षा, सवारी साधनहरूको व्यवस्थित तथ्याङ्क तथा चेकजाँच गर्न एवम् ट्राफिक व्यवस्थापन सम्बन्धी कार्यलाइ थप प्रभावकारी बनाउन प्रदेशका मुख्य सीमा नाकामा डिजिटल गेट र प्रदेश राजधानी वीरेन्द्रनगर लगायतका जिल्ला सदरमुकामका बजार क्षेत्रमा सि.सि.टि.भि. जडानसहित कर्णाली प्रदेश सुरक्षा योजना कार्यान्वयनमा ल्याइनेछ। नेपालगञ्जमा रहेका कर्णाली प्रदेशका प्रदेशस्तरीय प्रहरी कार्यालयहरूलाई प्रदेशभित्र स्थापना गर्न आवश्यक व्यवस्था गरिनेछ। नेपाल प्रहरीको प्रदेश तालिम केन्द्रलाई चौरजहारीमा स्थापना गरिनेछ।

८८. कर्णाली प्रदेशमा दर्ता भइ सञ्चालनमा रहेका आमसञ्चार माध्यमबाट एकद्वार प्रणालीमार्फत जनहितमा जारी गरिने लोककल्याणकारी विज्ञापनहरू समानुपातिक रुपमा वितरण गरिनेछ।

छापा तथा अनलाइन सञ्चार माध्यमको दर्ता, अनुमति, नियमन र चलचित्र निर्माण, हल सञ्चालन तथा प्रदर्शन अनुमति तथा नियमनका लागि आवश्यक कानून निर्माण गरिनेछ। पत्रकार कल्याण कोषमा योगदान, मिडिया विकास अनुदान, व्यावसायिक दक्षता विकास र पत्रकारिता तथा आमसञ्चार विषयमा विद्यावारिधिको लागि छात्रवृत्ति लगायतका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८९. स्थानीय तह, सुरक्षा निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था र निजी क्षेत्रसँगको समन्वय तथा सहकार्यमा विपद् जोखिम न्यूनीकरणका लागि विपद प्रतिकार्य योजना निर्माण, कार्यान्वयन तथा व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाइनेछ। विपद् संवेदनशील क्षेत्रमा विपद् सूचना प्रणाली जडान तथा व्यवस्थापन गरी निगरानी केन्द्र स्थापना गरिनेछ। जल तथा मौसम पूर्वानुमान तथा पूर्वसूचना प्रणालीलाई थप विश्वसनीय र भरपर्दो बनाइनेछ। विपद् व्यवस्थापनको क्षेत्रमा साहसिक तथा उदाहरणीय कार्य गर्ने व्यक्तिलाई पुरस्कृत गरिनेछ। सम्पूर्ण कर्णालीवासी, राष्ट्रसेवक र गैरसकारी संघ संस्थामा कार्यरत कर्मचारीको सामूहिक विपद् जोखिम दुर्घटना बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ। दुर्गम पिछडिएका क्षेत्र तथा न्यून आय भएका नागरिकका लागि विपद्बाट पूर्णरुपमा क्षति भएका घरहरूको लागि लघु बीमा कार्यक्रम लागू गरिनेछ।

९०. जनआन्दोलन, जनयुद्ध र कर्णाली प्रदेश प्राप्तिको आन्दोलनको क्रममा जीवन उत्सर्ग गर्ने सहिद तथा बेपत्ता भएका व्यक्तिको परिवार, घाइते र अपाङ्गता भएका व्यक्तिको निःशुल्क स्वास्थ्य उपचार, सीप विकास, संरक्षण तथा पुनःस्थापनाका साथै सहिद परिवारको लागि सहिद स्मृति भत्ता र घाइते अपाङ्गता भएका व्यक्तिहरूको जीवन निर्वाहभत्ता उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ। द्वन्द्वपीडित, सहिद परिवार, असहाय, अनाथ, विकट हिमाली क्षेत्रका विपन्न र आर्थिक सामाजिक रुपमा सीमान्तकृत बालबालिकाहरूलाई सुगम क्षेत्रको सार्वजनिक विद्यालयसँग सहकार्य गरी नियमित पठनपाठनको व्यवस्था मिलाइनेछ। छिमेकी प्रदेशको सहकार्यमा घाइते अपाङ्गहरूको लागि पुनर्स्थापना केन्द्रको स्थापना गरिनेछ।

**माननीय सदस्यहरू,**

९१. कर्णाली प्रदेश सरकार र स्थानीय तहको संयुक्त लगानीमा कर्णाली प्रदेशका जनतालाई न्यून ब्याजदरमा वित्तीय पहुँच पुऱ्याई लगानी प्रवर्द्धन, उत्पादन वृद्धि र रोजगारीमा टेवा पुऱ्याउने उद्देश्यले एउटा लघुवित्त वित्तीय संस्था स्थापना गर्ने व्यवस्था मिलाइनेछ।

९२. सबै प्रकारका अन्तर्राष्ट्रिय सहायतालाई बजेट प्रणालीमा समेटिनेछ। अर्थ मन्त्रालयबाट समझदारी पत्रमा हस्ताक्षर गर्दाका बखत नै प्रदेश सरकारको सहभागिताका लागि पहल गरिनेछ। कर्णाली प्रदेशमा विकास साझेदारले कार्यक्रम सञ्चालन गर्दा प्रदेश सरकारको पूर्व सहमति लिनुपर्ने व्यवस्थाका लागि संघीय सरकारसँग समन्वय गरिनेछ। विकास साझेदारलाई कार्यक्रम सञ्चालन गर्दा प्रशासनिक खर्च कम गरी पूर्वाधार विकास, उत्पादन, रोजगारी र आर्थिक तथा सामाजिक सशक्तिकरणका क्षेत्रमा सहायता केन्द्रित गर्नुपर्ने व्यवस्था मिलाइनेछ।

९३. कर्णाली प्रदेश सरकारका विभिन्न मन्त्रालयबाट सञ्चालन हुने कार्यक्रमहरू दोहोरो नपर्ने गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ। विनियोजन कुशलता र खर्चको प्रभावकारिता वृद्धि गर्न प्रदेश गौरवका, बहुवर्षीय, क्रमागत र प्राथमिकता प्राप्त आयोजनाहरूमा पर्याप्त रकम विनियोजन गर्ने नीति लिइनेछ। प्रदेश सरकारको आन्तरिक आय वृद्धिका लागि राजस्वका दर तथा दायराको पहिचान, परिचालन, प्रविधिको प्रयोग, अन्तर सरकार समन्वय र सहकार्यमा जोड दिइनेछ। घरजग्गा रजिष्ट्रेशन दस्तुर परिमार्जन गरी वास्तविक कारोबारमा आधारित हुने गरी शुल्क तथा दस्तुर लिने व्यवस्था मिलाइनेछ। घरजग्गा रजिष्ट्रेशन शुल्कलाई भूमि सुधारसँग आवद्ध गरिनेछ।

९४. प्रदेश सरकारका मन्त्रालयहरूको वित्तीय सुशासन जोखिमको लेखाजोखा गरी प्राप्त नतिजाको आधारमा मन्त्रालयहरूको बजेट सीमा निर्धारण गरिनेछ। बजेट प्रणालीलाई थप सक्षम, सुदृढ, कार्यान्वयनयोग्य र अनुमानयोग्य बनाइनेछ। आर्थिक वर्ष २०८०/०८१ देखि चालीस लाख रुपैयाँभन्दा साना योजनाहरू स्थानीय तहमार्फत सञ्चालन गर्ने नीति लिइनेछ।

९५. कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको प्रगति समीक्षा गरी दोस्रो पञ्चवर्षीय योजना तयार गरिनेछ। मध्यमकालीन खर्च संरचनालाई आवधिक योजनामा पूर्णरुपमा आवद्ध गरिनेछ र वार्षिक बजेट तथा कार्यक्रम निर्माण गर्दा मध्यमकालीन खर्च संरचना र आवधिक योजनामा उल्लिखित परियोजना बैङ्कलाई आधार मानिनेछ।

९६. प्रदेश योजना आयोगको संरचनागत सुधार गरी नीति, तथ्याङ्क व्यवस्थापन, अध्ययन, अनुसन्धान, प्रभावकारी अनुगमन तथा मूल्याङ्कन, परियोजना तयारी तथा लगानी प्रवर्द्धन गर्ने संस्थाको रुपमा विकास गरिनेछ। प्रदेश सरकारको लगानीमा निर्माण हुने विस्तृत परियोजना प्रतिवेदनको गुणस्तर सुनिश्चितताको लागि प्रदेश योजना आयोगमा रहने गरी संयन्त्र स्थापना गरिनेछ।

९७. कर्णाली प्रदेशमा निजी क्षेत्रको लगानीलाई आकर्षित गर्न सम्बद्ध निकायसँग समन्वय गरी **लगानी सम्मेलन** गरिनेछ।

९८. स्थानीय तहलाई उपलब्ध गराइने विशेष अनुदान, समपुरक अनुदान, सशर्त अनुदान र वित्तीय समानीकरण अनुदानलाई कार्यसम्पादन मापनसँग आवद्ध गर्न कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५ लाई परिमार्जन गरिनेछ।

**माननीय सदस्यहरू,**

९९. सार्वजनिक प्रशासनलाई विकास, सुशासन र समृद्धि प्राप्तिको संयन्त्रको रूपमा विकास गरिनेछ। प्रदेशको सार्वजनिक प्रशासनलाई जवाफदेही, नतिजामूलक, राष्ट्र र जनताप्रति बफादार, सरकारको कार्यसम्पादन चुस्त, प्रभावकारी, छिटो, छरितो र सक्षम सुशासनयुक्त बनाउन प्रदेश निजामती सेवा र स्थानीय सेवा सम्बन्धी कानून निर्माण गरिनेछ। प्रदेश मातहतका सबै निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी तथा संरचनाहरूको पुनरावलोकन गरिनेछ। वस्तुगत सूचकमा आधारित कार्यसम्पादन सम्झौता गरी सोको आधारमा मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ।

१००. प्रदेश तथा स्थानीय तहका सार्वजनिक पदाधिकारी र कर्मचारीको क्षमता विकासको लागि जुम्लाको खिचन्नेमा इन्जिनियरिङ, कृषि, स्वास्थ्य, शिक्षा, सीप विकास, सूचना प्रविधि जस्ता प्रशिक्षणहरू सञ्चालन गर्न सुविधा सम्पन्न, प्रविधिमैत्री प्रशिक्षण केन्द्र स्थापना गरिनेछ। कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानलाई तालिम, अनुसन्धान र विकास केन्द्रको रुपमा विकास गरिनेछ। प्रदेशका सबै विषयगत तालिम केन्द्रहरूलाई यस प्रतिष्ठानको छाताभित्र राखी एकीकृत रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

१०१. मध्यपश्चिम विश्वविद्यालय, त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय लगायतका विश्वविद्यालयसँग उत्पादन र उद्योगको क्षेत्रमा अध्ययन तथा अनुसन्धानको लागि सहकार्य गरिनेछ। मध्यपश्चिम विश्वविद्यालयमा अनुसन्धान तथा विकास केन्द्र स्थापना गर्न सहकार्य गरिनेछ। सार्वजनिक नीतिको मूल्याङ्कन तथा विश्लेषणको लागि विश्वविद्यालयसँग सहकार्य गरी नीति प्रयोगशाला सञ्चालन गरिनेछ।

१०२. व्यवस्थापन परीक्षणको कार्यविधिलाई नतिजामूलक र मापनयोग्य बनाई प्रदेश सरकार मातहतका निकायहरूको व्यवस्थापन परीक्षणलाई थप प्रभावकारी बनाइनेछ। प्रदेश सरकार मातहत निकायको आन्तरिक नियन्त्रण प्रणाली र सेवा प्रवाहको मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ।

१०३. प्रदेश सभाका लागि आवश्यक भवन निर्माणको सम्भाव्यता अध्ययन कार्य अघि बढाइनेछ। प्रदेश सरकारको एकीकृत प्रशासनिक भवन निर्माण कार्य थालनी गरिनेछ। कर्णाली प्रदेश सरकारको मानव संशाधन योजना र तालिम नीति बनाई लागू गरिनेछ।

१०४. सेवा प्रवाह र विकास निर्माण सम्बन्धमा जनताको जिज्ञासा, गुनासो र सुझाव प्रत्यक्ष रुपमा सम्बोधन गर्न **हाम्रा कुरा हाम्रा मुख्यमन्त्री** कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

१०५. प्रदेशको नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन गर्न अनुगमन तथा मूल्याङ्कनलाई सरल, सहज र प्रभावकारी बनाउन आयोजना सूचना व्यवस्थापन प्रणाली र कर्णाली प्रदेश अनुगमन प्रणालीलाई सञ्चालनमा ल्याइनेछ। जिल्ला समन्वय समितिको समन्वयमा योजना तथा कार्यक्रमको सघन अनुगमन गर्ने व्यवस्था मिलाइनेछ।

१०६. कर्णाली प्रदेश सरकार र मातहत निकायमा रही उल्लेखनीय र अनुकरणीय कार्य गर्ने राष्ट्रसेवक कर्मचारीलाई कार्यसम्पादन मूल्याङ्कनको आधारमा कर्णाली सेवा पुरस्कारबाट पुरस्कृत गरिनेछ।

१०७. कर्णाली प्रदेशका शिक्षित बेरोजगार युवाहरूलाई सरकारी सेवामा आकर्षित गर्न लोकसेवा तयारी कक्षा सञ्चालन गरिनेछ।

१०८. प्रदेशबाट स्थानीय तहलाई उपलब्ध गराइएको अनुदानको प्रभावकारी कार्यान्वयनको लागि स्थानीय तहलाई आवश्यक पर्ने जनशक्ति पूर्ति गर्न स्थानीय तहको लागत साझेदारीमा सिभिल वा आर्किटेक्ट इन्जिनियर, वातावरण इन्जिनियर, सूचना प्रविधि इन्जिनियर र सर्भेयर राख्ने व्यवस्था मिलाइनेछ। कर्णालीको विकासको लागि विज्ञको ज्ञान, सीप र क्षमता लाई उपयोग गर्न विज्ञको रोष्टर तयारी गरी विषय क्षेत्रगत विज्ञ सेल बनाइनेछ।

**अन्तमा,**

१०९. विभिन्न कारणले सुस्त एवम् सुधारोन्मुख अवस्थामा रहेको आर्थिक क्षेत्रको तीव्र र दिगो विकासका साथै समृद्ध कर्णाली सुखारी कर्णालीवासीको दीर्घकालीन सोच प्राप्तिमा प्रस्तुत नीति तथा कार्यक्रमले महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएको छु।

११०. यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि तीनै तहका सरकार, निजी, सहकारी, विकास साझेदार लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँगको समन्वय, सहकार्य र साझेदारी अत्यावश्यक रहने हुँदा सम्बद्ध सबै पक्षको सहयोग प्राप्त हुने अपेक्षा गरेको छु।

१११. प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट दीगो विकासका लक्ष हासिल गर्दै कर्णालीवासीको समृद्धि, गरिबी निवारण, मानव विकास, पूर्वाधार विकास, प्रभावकारी सार्वजनिक सेवा प्रवाह, सुशासन, उत्पादनमूलक रोजगारी लगायतका आकांक्षा पूरा गर्न सम्बद्ध सबै पक्षको सहयोग र सहकार्य हुनेछ भन्ने विश्वास लिएको छु।

**धन्यवाद !**